**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**भोटेकोशी गाउँपालिकाद्धारा प्रकाशित**

# स्थानीय राजपत्र

**खण्डः १ संख्याः १२ जारी मिति : २०७६/११/२८**

**भाग-२**

**भोटेकाशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**फुल्पिङकट्टी, सिन्धुपाल्चोक**
**बागमती प्रदेश, नेपाल**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम भोटेकोशी गाउँकार्यपालिकाको बैठकको निर्णय बमोजिमको कानुन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०७६ सालको नियमावली नं. १२**

## गाँउ पालिका स्तरिय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

**भोटेकोसी, गाँउपालिका**
**फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

**प्रस्तावना :-**

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ जुन बिषेस ऐनको रुपमा रहेको छ। यस बिषेस ऐन लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसार पसार ( नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसार पसार लाइ नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानीय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ। यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार बिगतमा केन्द्रीय समिती, जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आयको छ। यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसार पसारलाइ नियन्त्रण गर्ने बिबिध कार्यहरु गरिरहेको छ। यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाँउ पालिका स्तरिय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लागाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। साथै संघीय राज्यको ब्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीय तह संचालन हुदै आइरहेका छन। उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने ब्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसार पसार  नियन्त्रण नगर स्तरीय तथा वडा समिती गठन गरिने छ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लागाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। साथै संघीय राज्यको ब्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीय तह संचालन हुदै आइरहेका छन। उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने ब्यवस्था रहेकाले **भोटेकोसी** गाँउपालिकाले मानव बेचबिखन तथा ओसार पसार  नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि २०७७ जारी गरेको छ

## परिच्छेद - १
## प्रारम्भिक

**१**. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती (गठन तथा परिचालन) कार्यविधि २०७७ रहने छ।

(२). यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

**(क)** 'ऐन' भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, सम्झनु पर्दछ ।

(ग) "स्थानीय तह " भन्नाले **भोटेकोसी** गाँउपालिका सम्झनु पर्दछ ।

(घ) "वडा कार्यालय " भन्नाले **भोटेकोसी** गाँउपालीक वडा नं १ देखि ५ नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) "समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती सम्झनु पर्दछ ।

(च) "गाँउपालीका स्तरीय समिती " भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण **भोटेकोसी** गाँउपालीका स्तरीय समिती सम्झनु पर्दछ ।

(छ)"वडा समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण **भोटेकोसी** गाँउपालीका वडा नं १ देखि ५ नम्बर सम्मका सबै वडामा गठित समिती सम्झनु पर्दछ ।

## परिच्छेद - २
## गाँउपालीका स्तरीय समिती

**(३) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाँउपालीका स्तरीय समिती को गठन देहाय बमोजिम हुनेछ ।** (१). गाँउपालीकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, गाँउ बाल सन्जाल, गाँउ बाल संरक्षण समिति,समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम सेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका ,स्थानिय प्रहरी आदिको उपस्थितीमा गाँउपालीका स्तरीय भेला गर्ने । उक्त भेला गाँउपालीकाको प्रमुखको अध्यक्षतामा बस्ने छ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी गाँउ पालिका स्तरिय समिति गठन गर्नेछ ।

**(४) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाँउपालीका स्तरीय समिती सम्वन्धि व्यबस्था देहाय बमोजिम हुनेछ । (१)** मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ को नियमावली २०६५ (पहिलो संशोधन) नियमावली २०७७ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसार पसार लाई नियन्त्रण गर्नका लागि **भोटेकोसी** गाँउपालीकामा देहाय बमोजिमको गाँउपालीका स्तरीय समिती रहनेछ ।

**तपसिल :**

(१)संयोजक : अध्यक्ष
(२)सदस्य : न्यायीक समितिको संयोजक
(३)सदस्य : प्रमुख, स्थानीय प्रहरी कार्यालय
(४)सदस्य : प्रधानाध्यापक वा निजले तोकेको शिक्षक (स्थानीय तह भित्रका सबै भन्दा उच्चतहको कुनै एक विद्यालय)
(५) सदस्य : संयोजक गाँउ पालिका स्तरिय बाल संजाल
(६) सदस्य : प्रमुख,स्वास्थ्य शाखा
(७) सदस्य : संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र
(८) सदस्य : प्रमुख, शिक्षाशाखा,
(९) सदस्य : प्रमुख, कृषी तथा पशुविकास शाखा

(१०)सदस्य : अध्यक्ष, उद्योग वाणिज्य संघ
(११)सदस्य : संयोजक, महिला स्वास्थ्य स्वयं सेविका
(१२)सदस्य : बेचबिखन तथा ओसार पसार विरद्धको क्षेत्रमा काम गर्ने गैसस संस्थाको प्रतिनिधि १ जना
(१३)सदस्य : मानव बेचबिखन तथा ओसार पसार पीडित व्यक्तिहरु मध्येबाट सम्बनिधत स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य-उपलब्ध भए सम्म)
(१४)सदस्य सचिव : प्रमुख, महिला तथा बालबालिका शाखा वा सामाजिक विकास शाखा

**(५)** गाँउपालीका स्तरीय समिती ले कानुनी संरचनमगत, कार्यविधीगत तथा अन्य आयश्यक विषयमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण जिल्ला समिती, बाग्मति प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला वालवालीका तथा जेष्ठ नागरीक मन्त्रालय लगायत सम्वन्धित निकाय संग समन्वय गर्नेछ ।

## परिच्छेद - ३
## गाँउपालीका स्तरीय समिती को काम, कर्तव्य र अधिकार

**(६) गाँउपालीका स्तरीय समिती को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

- मानव बेचविखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- मानव बेचबिखन तथा ओसार पसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने
- पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीयतह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
- स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचबिखन विरुद्दका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्दको कोष स्थापना र सञ्चालन गर्ने
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।
- स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।
- प्रत्येक वडामा वडा अध्यक्ष को संयोजकत्वमा मानव बेचविखन विरुद्दको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने ।
- गाँउपालीका स्तरीय समिती को बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।
- गाँउपालीका स्तरीयमा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बाल अधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

## परिच्छेद - ४
## वडा स्तरीय समिती

**(७) <u>मानव बेचबिखनविरुद्दको वडा स्तरीय समितिको</u> गठन देहाय बमोजिम हुनेछ ।** (१) वडाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह बाल क्लब, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम सेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका ,स्थानिय प्रहरी आदिको उपस्थितीमा वडा स्तरीय भेला गर्ने । उक्त भेला वडा अध्यक्षको अध्यक्षतामा बस्ने छ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडा स्तरिय समिति गठन गर्नेछ ।

**(८) <u>वडा स्तरीय समिती सम्वन्धि व्यवस्था</u> देहाय बमोजिम हुनेछ ।** (१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने ब्यवस्था रहेको र मानव बेच बिखन तथा ओसारपसार नियन्त्रणका लागि **भोटेकोसी** गाँउपालीकाले प्रत्यक वडामा देहाय बमोजिमको वडा स्तरीय समिती गठन गर्नेछ ।

**<u>तपसिलः</u>**

(१)संयोजकः वडा अध्यक्ष
(२)सदस्यः महिला प्रतिनिधि, वडा स्तरीय
(३)सदस्यः सिमान्तकृत तथा दलित समुदायबाट १ जना
(४)सदस्यः महिला समुह सञ्जाल प्रमुख
(५)सदस्यः बाल सञ्जाल
(६)सदस्यः प्रधानाध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय
(७)सदस्यः प्रमुख, स्थानीय स्वास्थ्य चौकी
(८)सदस्यः स्थानीय प्रहरी कार्यालय
(९)सदस्यः स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना
(१०)सदस्यः मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बनिधत स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म)
(११)सदस्य सचिवः वडा सचिव

## परिच्छेद - ५

## <u>वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार</u>

**(९) <u>वडा स्तरीय मानव बेचबिखनविरुद्दको समितिको काम, कर्तव्य र अधिकार</u> देहाय बमोजिम हुनेछ।**

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरुमाफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।
- वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यक्ता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

आज्ञाले
शिव कुमार राई
प्रमुख प्रशासकीय अधिकृत
**भोटेकोसी, गाँउपालिका**
**फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

मितिः ..........................

**भोटेकोसी, गाँउपालिका**
**फुल्पिङकट्टी, सिन्धुपाल्चोक**

सामाजिक विकास शाखाद्धारा तयार गरि स्विकृतिका लागी पेश गरिएका विधयकहरुः

**१ गाँउ पालिका स्तरिय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७**

**२. बाल क्लब र बाल क्लब संजाल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७७**

**३. बालसंरक्षण निर्देशिका, २०७७**

**४। बाल संरक्षण नीति, २०७७**

**५. बहुसरोकारवाला सामाजिक जबाफदेहिता मञ्चको  बैठक सञ्चालन कार्यविधि, २०७७**

**६. लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७७**